कर्णाली प्रदेश सरकारको गौरवको योजना :

# रारा पर्यटन पदमार्ग र साइक्लिङ रोड निर्माण कार्य कछुवा गतिमा

**नृपेन्द्रबहादुर मल्ल/हिटा**

मुगु, १२ फागुन



पर्यटन प्रवर्द्धनका हिसाबले कर्णाली प्रदेशकै गौरवको आयोजनाका रूपमा लिइएको रारा पर्यटन पदमार्गको निर्माण कार्य ६ महिनायता अलपत्र छ । राराको पर्यटन प्रवर्द्धनका लागि आर्थिक वर्ष ०७८/०७९ मा कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयअन्तर्गत रारा पर्यटन पूर्वाधार विकास कार्यक्रमका लागि डिभिजन वन कार्यालय मुगुले रारा पर्यटकीय पदमार्ग निर्माणका लागि टेण्डर आह्वान गरेको थियो । रारा पर्यटन पदमार्ग निर्माणको जिम्मा लिएको ठेकेदारका कारण निर्माणको काम नहुँदा अहिले आयोजना अलपत्र रहेको हो ।

४५ करोड २९ लाख १० हजार ४७९ रुपैयाँ ६५ पैसामा निर्माणको जिम्मा लिएको खानी थोदुङ क्याराभान जेभी प्रालिसँग आर्थिक वर्ष ०७८/०७९ मा सम्झौता भएको थियो । सोही आर्थिक वर्षबाट काम थालनी गरी ०८३ मा आयोजना सम्पन्न गर्नुपर्ने भए पनि हालसम्म पदमार्गको ६ दशमलव ९ किलोमिटर ढुंगा बिछ्याउने काममात्र भएको छ । सम्झौताअनुसार १४ किलोमिटर लम्बाइ रहेको पदमार्गमा ढुंगा १५ सेन्टिमिटर, १० सेन्टिमिटर पिसिसी र दैलेखको खानीढुंगाका सिलेटहरू बिछ्याउनुपर्ने सम्झौता भए पनि हालसम्म सरोकारवालाहरूको दबाबमा थोरै काम भए पनि सन्तोषजनक काम नभएको डिभिजन वन कार्यालय मुगुका कार्यालयका प्रमुख अमरप्रसाद शाहले बताउनुभयो ।

प्रमुख शाहका अनुसार ठेकेदारले डिभिजन वन कार्यालयबाट आठ करोड पेस्कीसमेत लगेका छन् । पेस्की लिएर एक वर्षसम्म ठेकेदारले काम गरेनन् । पेस्कीअनुसारको कामको प्रक्रिया अगाडि नबढेपछि डिभिजन वन कार्यालय मुगुले खानी थोदुङ क्याराभान जेभी प्रालिको जमानत बसेको प्राइम कमर्सियल बैंकलाई क्षतिपूर्तिसहित पेस्की लिएको रकम फिर्ता गर्न पत्राचार गरेपछि ठेकेदार पक्षले आफ्नो काम गर्ने अवधि पाँच वर्ष भएको भन्दै उच्च अदालत पाटनमा रिट दायरा गरेका थिए । उच्च अदालतले उक्त रिट खारेज गरी डिभिजन वन कार्यालय मुगुको पक्षमा फैसला गरेपछि बल्ल पछिल्ला केही महिनायता केही काम भएको छ ।

ठेकेदारले लिएको आठ करोडमध्ये चार करोड २५ लाख बराबरको मात्र काम भएको छ । समयमै भएको काममा थप काम गर्दै नजाने हो भने काम भएका स्थानहरूमा बिछ्याएका ढुंगा भत्किँदै र पुरिँदै जाने देखिएको छ । अहिले निर्माण भएको ६ दशमलव ९ किलोमिटर बिछ्याएका एक हजार ५५२ दशमलव ५ घनमिटर ढुंगाहरूमध्ये ठेकेदारले २२० मिटर पुनः मर्मत गर्नुपर्ने डिभिजन वन कार्यालय मुगुका इञ्जिनियर धनसिंह रोकायाले जानकारी गराउनुभयो ।

जिल्लाका चारै स्थानीय तहहरूमा जिल्ला दररेट भ्याटसहित प्रतिघनमिटर सात हजार ९९८ रुपैयाँ लागू गरिएको भए पनि उक्त आयोजनाको डिपिआरमा ढुंगाको मूल्य बढी राखी निकुञ्जभित्रकै आयोजना निर्माण गर्दा निकुञ्जभित्रबाटै ढुंगा प्रयोग गरी डिपिआरविपरीत स्थानबाट ढुंगा प्रयोग गरिएको पाइएको छ । यो हिसाबले पनि डिपिआर बनाउँदादेखि मिलेमतोमा काम भइरहेको प्रष्ट देखिन्छ ।

कर्णाली प्रदेशकै पर्यटन क्षेत्रको गौरवको योजना भएको र निर्माण कार्यमा ठेकेदार पक्षले ढिलाइ गरेको भन्दै कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री कृष्णाकुमार बिसी र उक्त मन्त्रालयका सचिवसमेत निर्माणस्थलमा पुग्नुभएको भए पनि कामको गतिलाई अगाडि बढाउन नसकेको देखिएको छ ।

यो आयोजना सुरुवातदेखि नै केही मन्त्रालयका पूर्वकर्मचारी र मन्त्रीहरूको सेटिङबाट सञ्चालन भएको देखिन्छ । अब यो आयोजना छिटो निर्माण गर्नका लागि कर्णाली प्रदेश सरकार र मातहत मन्त्रालयमा पहल भइरहेको छ । विशेष गरी मुख्य ठेकेदार आयोजनास्थलमा नआउने, दोस्रो पक्षका व्यक्तिहरूलाई न्यून दरमा कामको जिम्मेवारी दिने, आयोजनाको काम गर्ने रकम मुख्य ठेकेदारले लिने र पेटीवालाले नपाउने प्रवृत्तिका कारण यो आयोजना पछिल्लो समय अलपत्र परेको मुगु जिल्ला प्रदेश क्षेत्र नम्बर १ का सांसद एवं कर्णाली प्रदेश सरकारका निवर्तमान मन्त्री जितबहादुर मल्ल बताउनुहुन्छ ।

यो पदमार्ग निर्माण सम्पन्न भएपछि यसलाई साइकल मार्गमा परिणत गर्ने उद्देश्य डिपिआरमा भएको भए पनि डिपिआरमा यो मार्गको चौडाइका विषयमा कमजोरी देखिएको जिल्ला वन कार्यालय मुगुका कर्मचारीहरू बताउँछन् । रारा राष्ट्रिय निकुञ्जका निमित्त संरक्षण अधिकृत राजु घिमिरे यो पदमार्ग निर्माणाधीन अवस्थामा भएकाले केही संशोधन गर्नुपर्ने सुझाव दिनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पदमार्ग भनिए पनि यो साइक्लिङ रोड हो त्यसैले अहिले चौडाइ १ दशमलव ५ मिटर छ यसलाई कम्तीमा २ मिटर बनाउनुपर्छ कतै ग्रेट मिलेको छैन त्यो मिलाउनुपर्छ ।

यो पदमार्गको डिपिआर डिभिजन वन कार्यालय मुगुबाट नभई उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय सुर्खेतमार्फत् कन्सल्टेन्सीले तयार पारेको थियो । जिल्लाका चारै स्थानीय तहहरूमा जिल्ला दररेट भ्याटसहित प्रतिघनमिटर सात हजार ९९८ रुपैयाँ लागू गरिएको भए पनि यो आयोजनाको डिपिआरमा ढुंगाको मूल्य बढी राखी निकुञ्जभित्रकै ढुंगा प्रयोग गरिएको पाइएको छ ।

ठेकेदारले कामदारलाई प्रतिघनमिटरको ३५ सयका दरले काम दिएपछि ६ सय मिटर १३५ घनमिटर काम गरेको तीन हजार पाँच सयका दरले हुन आउने ३३ लाख ७५ हजारभन्दा बढी रकम नपाएको पिटी कामदार ठेकेदार जसिमल भियालले बताउनुभयो ।

कामदारलाई ज्याला दिने आयोजनाका तेस्रो पेटी ठेकेदार रत्नबहादुर सावत भन्नुहुन्छ, '२०७९ सालमा काम लिएको हो । ४८० घनमिटर काम गरेको हुँ । डिभिजन वन कार्यालयबाट ठेकेदारले आठ करोड लिइसकेको र मैले एक रुपैयाँ पाएको छैन । ६०/७० जना कामदार लगाएको थिएँ । रासनबापत सात लाख खर्च भएको छ । पाउनुपर्ने १४/१५ लाखभन्दा बढी छ । मुख्य ठेकेदार चन्द्र थकाली जुम्लाको रहेछ, मलाई हुम्लाको ध्रुवकुमार शाहीले काम लगाएका हुन्, मैले ६०/७० जनालाई काम लगाएँ, मलाई ठेकेदारले एक रुपैयाँ दिँदैन, मैले कहाँबाट कामदारलाई ज्याला दिने ?'

# गाईघाट झरना र बराह ताल जोड्न पदमार्ग निर्माण



**डम्मर बुढा मगर/हिटा**

बागलुङ, १२ फागुन

बागलुङका दुईवटा पर्यटकीय क्षेत्रलाई जोड्नका लागि पदमार्ग निर्माण गर्न थालिएको छ । ताराखोला गाउँपालिका र गलकोट नगरपालिकाको सिमानामा रहेको गाईघाट झरनालाई बराह तालसँग जोड्न पदमार्ग निर्माण गर्न थालिएको हो । गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट चालु आर्थिक वर्षमा विनियोजन भएको १० लाख रुपैयाँले पदमार्ग निर्माण गर्न थालिएको हो । पदमार्ग निर्माणका लागि पर्यटन तथा उद्योग कार्यालय बागलुङसँग सम्झौता गरेर काम सुरु गरेको गाईघाट झरना-बराहताल पदमार्ग निर्माण समितिका अध्यक्ष नरबहादुर घर्ती मगरले जानकारी दिनुभयो । यस वर्ष विनियोजन भएको बजेटले तालसम्म पदमार्ग पुर्‍याउन नसकिने उहाँको भनाइ छ । पक्की पदमार्ग निर्माण गर्नका लागि बढी खर्च लाग्ने हुँदा यस वर्ष करिब सात सय मिटर निर्माण हुने अध्यक्ष घर्ती मगर बताउनुहुन्छ । गाईघाट झरनादेखि करले गाउँसम्म पदमार्ग निर्माण गर्ने मगरले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'झरनादेखि केही माथिसम्म यसभन्दा अगाडि पदमार्ग निर्माण भएको छ, त्यहाँबाट नयाँ काम सुरु गरेका छौँ, योजना त बराह तालसम्म पुर्‍याउने हो तर बजेटले पुग्दैन, माथि गाउँसम्म पुग्ने 'स्टिमेट' भएको छ, कामलाई तीव्रता दिन थालेका छौँ, पदमार्गमा सिमेन्ट, बालुवाको प्रयोग बढी गर्नुपर्ने हुँदा बढी खर्चिलो हुन्छ ।' ताराखोला गाउँपालिका-१ मा पर्ने झरनामा पछिल्लो समय आन्तरिक पर्यटकको भिड लाग्ने गरेको छ । झरनामा आउने पर्यटकलाई तालसम्म पुर्‍याउन पदमार्गले सहजता प्रदान गर्ने ताराखोला गाउँपालिका-१ का अध्यक्ष यामबहादुर श्रीसले बताउनुभयो । खासगरी पर्यटन प्रवर्द्धनका लागि पदमार्ग निर्माण गर्न थालिएको उहाँको भनाइ छ । गाईघाट झरनादेखि बराह ताल पाँच किलोमिटर उत्तरमा रहेको भन्दै तालसम्मै पदमार्ग पुर्‍याउनका लागि आगामी वर्ष प्रदेश र केन्द्र सरकारसँग सहकार्य गर्ने अध्यक्ष श्रीसले बताउनुभयो ।

झरनामा ताराखोला गाउँपालिकाले यसभन्दा अगाडि सोलार बत्ती जडान, बगैंचा व्यवस्थापन, खोलामा पुल बनाएको भन्दै पछिल्लो समय पर्यटकको आकर्षण पनि बढ्दै गएको उहाँको भनाइ छ । महिनामा करिब दुई हजार बढी पर्यटकले झरनाको अवलोकन गर्ने श्रीसले बताउनुभयो । सबैभन्दा बढी बिदाको दिनमा पर्यटक आउने उहाँको भनाइ छ । झरनालाई व्यवस्थित बनाउनका लागि गण्डकी प्रदेशले चालु वर्षमा पदमार्ग निर्माणसहित १५ लाख रुपैयाँ विनियोजन गरेको उहाँले बताउनुभयो । झरनाभन्दा माथि रहेको ताललाई सौन्दर्यीकरण गर्नुका साथै त्यस वरपर मन्दिर निर्माणसमेत गरेको श्रीसको भनाइ छ ।

'अहिलेसम्म झरनामा आउने पर्यटक तालसम्म पुर्‍याउन सकिएको छैन, ताल धेरै टाढा पनि होइन, त्यही पाँच किलोमिटरको दूरीमा छ, पदमार्ग निर्माणपछि झरना र ताललाई पर्यटकीय गन्तव्य बनाउन सकिन्छ कि भन्ने लागेको छ', अध्यक्ष श्रीसले भन्नुभयो, 'यस वर्ष पुर्‍याउन नसके पनि आगामी वर्षमा पालिका र प्रदेश सरकारसँग सहकार्य गर्छौं र तालसम्म पदमार्ग पुर्‍याउनेछौँ, पर्यटकको चाप बढ्दै गएको छ, झरनामा आएका पर्यटकलाई तालसम्म पुर्‍याउन सके, गाउँका उत्पादनले मूल्य पाउनेछ, रोजगार सिर्जना हुनेछ भने अन्य अवसरहरू सिर्जना हुने अपेक्षा लिएका छौँ ।'

# तीनवटा कुलो एकैसाथ निर्माण भएपछि सिँचाइमा सहजता

**भोजपुर/हिटा ।** साना सिँचाइ कार्यक्रमअन्तर्गत तीनवटा कुलोको निर्माण कार्य एकैसाथ भएपछि भोजपुर नगरपालिका-८ का कृषकहरूमा उत्साह थपिएको छ । पक्की कुलो बनेसँगै सहजरूपमा हिउँदे तथा बर्खे खेती गर्न पाइने भएपछि स्थानीय कृषकहरूमा उत्साह थपिएको हो । कुलो अभावमा वर्षातको भरमा खेती गर्न बाध्य बनेको अवस्थामा व्यवस्थित पक्की कुलो बनेपछि खेतीमा सहजता देखिएको स्यालेखण्ड सिँचाइ कुलो निर्माण समितिका अध्यक्ष भगिरथ कठेतले बताउनुभयो । बन्दै गरेको कुलोले करिब तीन सय बढी रोपनी खेतीमा सहजता हुने कठेतको भनाइ छ ।

केन्द्र सरकारको २० प्रतिशत, प्रदेश सरकारको २० प्रतिशत, भोजपुर नगरपालिकाको २० प्रतिशत, स्विस सरकारको ३० प्रतिशत अनुदान र स्थानीय कृषकको १० प्रतिशत लगानीमा करिब ५८ लाख बराबरको तीनवटा कुलोहरू निर्माण भइरहेका छन् । वडाभित्र हाल साना सिँचाइ आयोजनामार्फत् ढुंग्रेबास सिँचाइ कुलो, स्यालेखण्ड सिँचाइ कुलो र भैसरा सिँचाइ कुलो निर्माणको चरणमा छन् । तीनवटै कुलोको काम अहिले तीव्ररूपमा अगाडि बढिरहेको वडाध्यक्ष नवीन प्रधानले बताउनुभयो ।

निर्माणाधीन तीनवटा कुलोहरू बनेपछि करिब एक हजार बढी रोपनी क्षेत्रफलमा सिँचाइको पहुँच पुग्नेछ । जनप्रतिनिधिसहित वडाका सरोकारवालाहरूको सहभागितामा निर्माण कार्यको अनुगमन तथा निरीक्षण पनि निरन्तर भइरहेको छ । बनिरहेका कुलोहरूमा उपभोक्ताहरू आफैं खटिएकाले गुणस्तरीय काम भइरहेको अनुगमन समितिका सदस्य लक्ष्मण भुजेलले बताउनुभयो । कृषकका लागि आएको आयोजनामा उत्साह र मिहिनेतका साथ उपभोक्ताहरू आफैंले प्रत्यक्ष सहभागिता जनाउनु सराहनीय काम भएको अर्का अनुगमन सदस्य कुमार खड्काले बताउनुभयो । कुलो निर्माण भएपछि धान खेतीका साथै अन्य बालीहरू लगाउन पनि कृषकहरूलाई सहजता भएको स्थानीय खम्बबहादुर बानियाँले बताउनुभयो ।

दीर्घकालीनरूपमा कुलो प्रयोगमा आउने गरी निर्माणमा आफूहरू आफैं लागिपरेकाले निर्माण कार्य गुणस्तरीय बनाइने ढुंग्रेबास सिँचाइ कुलोका अध्यक्ष शम्भु खड्काले बताउनुभयो । उहाँले भन्नुभयो, 'निर्माण कार्य गुणस्तरीय बनाउनका लागि आफैं नै कृषकहरू संलग्न भएर काम गरिरहेका छौँ, वर्षौंपछि कुलो बन्न लागेको छ, यो हाम्रो आफ्नै कुलो हो ।'

## युरोप पठाइदिन्छु भन्दै रकम ठगी गर्ने बस्नेत पक्राउ

**काठमाडौं ।** माल्दोवा पठाइदिन्छु भन्दै २४ लाख रुपैयाँ ठगी गरेको अभियोगमा ओखलढुंगा खिजिदेम्बा गाउँपालिका-७ घर भएका ६७ वर्षीय दलबहादुर बस्नेतलाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बस्नेतले चारजनालाई वैदेशिक रोजगारीका लागि माल्दोवा पठाई प्रतिष्ठित कम्पनीमा सेक्युरिटी गार्डमा मासिक दुई लाख २० हजार रुपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितहरूबाट पटक-पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय पर्सासँग समन्वय गरी उनलाई पर्सा वीरगञ्ज महानगरपालिका-१३ राधेमाईबाट पक्राउ गरेको हो ।

गैंडाकोट नगरपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू)

**सूचना सच्चाईएको बारे**

मिति २०८०/१०/१६ गते हिमालयन टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित रिंग रोड सडकको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सार्वजनिक सूचनामा उक्त सडकको लम्बाई १९.०७२ भएकोमा सो लाई लम्बाई १८.४१४ कि मि कायम गरिएको जानकारी गराइन्छ ।

**Narpa Bhumi Rural Municipality**
**Office of the Rural Municipal Executive**
Chyankhu,Manang
Gandaki Province,Nepal

**Invitation for Electronic Bids for the Procurement of the Construction of Meta Health Post**

(First date of Publication: 2080/11/13 (25 Feb 2024))
Contract Identification No: NBRM/WORKS/NCB-02/2080-081

1. Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang invites electronic bids from eligible bidders for the procurement of Construction of Meta Health Post under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| SN | Contract ID | Description of Works | Quantity | Estimated Amounts with VAT & PS (NRs.) | Bid Security (NRs.) | Bid Price (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NBRM/WORKS/ NCB-02/2080/081 | Construction of Meta Health Post | 1 Unit | 6398128.87 | 190000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang. Tel: 066-440253, Email: info@narpabhumimun.gov.np or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Interested bidders shall register in e-GP system and deposit NRs. 3,000.00, the cost of bidding document (non-refundable fee), in the following bank account as specified below:
   Name of the Bank: Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal
   Name of Office: Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal
   GA 1.1-NARPABHUMI AANTARIK RAJASWA Account no.: 26503000001001000001
   (Cost of Bid Document)
   GA 3-NARPABHUMI STHANIYA TAHA DHARA Retention (Dharauti) Account no.: 26503000003000000001
   (For bid security)
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 26 Mar, 2023 (2080/12/13). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 26 Mar, 2023 (2080/12/13) at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang, Gandaki Province, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security, amounting to a minimum mention above, which shall be valid for 30 days beyond the validity period of the bid. Bidders shall deposit the bid security at the above bank mentioned or as bank guarantee in standard format as specified in bidding document from "A" class commercial bank specifying the contract.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

बागमती प्रदेश सरकार
खानेपानी, उर्जा तथा सिचाइ मन्त्रालय
**जलस्रोत तथा सिचाइ विकास डिभिजन**
सिन्धुपल्चोक, चौतारा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रथम पटक प्रकाशित मिति: २०८०/११/१३*

यस कार्यालयको मिति २०८०/१०/२ गते E-GP system, Online माध्यमबाट प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्रको कबोल अंक न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकाले तपसिलको बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगान | कबोल अंक ने रु (भ्याट र पि एस समेत) |
|---|---|---|---|
| 1 | Yangri Bajar School and Trail Bridge Protection, Panch Pokhari 2, SIndhupalchok | Bhotenamlang Suppliers & Nirman Sewa Panchpokhari 7, Sindhupalchok | 53,76,562.72 |
| 2 | Balefi Bajar Samrkshan Tatha Bramhayni Karidor Nirman Balefi Bazar, Sindhupalchok | Setidevi/ Kalimata/ Phatakshila JV Kathmandu | 29,68,382.16 |
| 3 | Sunkoshi Dobhan Ghat Vyvasthapan and Bajar Basti Samrakshan Barhbise 4, Sindhupalchok | Rawan Construction and Suppliers Pvt. Ltd. Barhbise, Sindhupalchok | 47,24,998.16 |
| 4 | Majhigau Sadabahar School Pul Sunkoshi Nadi Niyantran Tatha Basti Samrkshan, Sunkoshi 7, Sindhupalcowk | Om Jaya Bhadaure Ganesh Muktinath Baba Niram sewa, Chautara 5, Sindhupalchok | 29,63,927.08 |

डिभिजन प्रमुख